# सुश्रिता बनिन् गोलञ्जोर गाउँपालिका अध्यक्ष

**TELEVISION NEPAL**

Accuracy, Balance & Credibility - JOURNALISM




गोलञ्जोर गाउँपालिका ५ की १७ बर्षिया सुश्रिता श्रेष्ठ गोलञ्जोर गाउँपालिकाको अध्यक्ष बन्नु भएको छ । गाउँपालिका अध्यक्ष शंकरराज बरालले सुश्रितालाई अध्यक्षको

जिम्मेवारी दिनुभएपछि उहाँ बिहीबार एक दिनको लागि अध्यक्ष बन्नुभएको हो । गाउँपालिका अध्यक्ष भएका वेला उहाँले आफूले गर्ने कार्य योजना समेत सुनाउनुभयो ।

उहाँले गाउँपालिकामा किशोरी तथा बालिकालाई केन्द्रमा राखेर आफूले काम गर्ने योजना सुनाउनुभयो । हरेक निकायमा बालक तथा किशोरलाई प्राथमिकतामा राखेर कार्यक्रम हुने गरेको बताउँदै उहाँले बालिका र किशोरीलाई केन्द्रमा राखेर आफूले काम गर्ने बताउनुभयो । शिक्षा, स्वास्थ्य, खेलकुद लगायतका सबै कार्यहरुगर्दा बालिका र किशोरीको अनिवार्य सहभागिता गराउने बताउनुभयो । सबै विद्यालयमा नर्स, सुरक्षित र मर्यादित महिनावारी लगायत किशोरीको बृद्धि र विकासमा आफूले काम गर्ने योजना सुनाउनुभयो ।

गाउँपालिका अध्यक्ष शंकरराज बराललले बाल अधिकार त्यसमा पनि विशेषतः बालिकाहरूलाई केन्द्रमा राखी प्लान इन्टरनेशनल नेपालले 'गर्ल्स टेक ओभर' अर्थात् 'बालिका तथा किशोरीलाई पद हस्तान्तरण' कार्यक्रम आयोजना गरेको र यस कार्यक्रमले आफूलाई थप जिम्मेवार बनाएको बताउनुभयो ।

विकासको लक्ष्य निर्धारण गर्दा एक सय वर्षको विकास गर्ने हो भने बालबालिकामा गर्न आवश्यक रहेको औँल्याउनुभयो । यस अभियानले नेतृत्वमा रहेका व्यक्तिहरूलाई पनि केही कुरा सिक्ने अवसर प्राप्त भएको बताउनुभयो । आफू गाउँपालिकाका बालबालिकालाई केन्द्रमा राखेर काम गर्ने बताउँदै सबैले यस कार्यमा सहयोग गर्नु पर्नेमा जोड दिनुभयो । गाउँपालिका अध्यक्ष एक्लैको प्रयासबाट बालबालिकाको हितमा काम गर्न नसकिने भएकाले सवैको साथ आवश्यक पर्ने बताउनुभयो । शिक्षा, स्वास्थ्य, पूर्वाधार लगायतका धेरै आधारभूत कुराहरू पुरा गर्न गाउँपालिका निरन्तर लागि परेको उहाँको भनाई थियो ।

प्लान इन्टरनेश्नल नेपालका सिन्धुली प्रतिनिधि सन्तोष थापाले किशोरीहरूलाई लक्ष्य निर्धारण गर्न टेवा पुऱ्याउने उद्देश्यले 'बालिका तथा किशोरीलाई पद हस्तान्तरण गर्ने अभियान संचालन हुँदै आएको बताउनुभयो । यस अभियानले किशोरीहरूको लक्ष्य

निर्धारण गर्न र उनीहरूलाई काम गर्दा गर्नु पर्ने समन्वयका बारेमा ज्ञान मिल्ने उहाँले बताउनुभयो ।

हरेक वर्ष ११ अक्टोबरमा ‘अन्तर्राष्ट्रिय बालिका दिवस’ मनाउने गरिएको छ । सन् २०११ मा संयुक्त राष्ट्र सङ्घले हरेक वर्ष अक्टोबर ११ लाई बालिका दिवस घोषणा गरेसँगै अन्तर्राष्ट्रिय बालिका दिवस सन् २०१२ देखि संसारभर मनाउन थालिएको हो । समाजमा जकडिएको लैङ्गिक विभेदका कारण बालकको तुलनामा बालिका तथ्य किशोरीहरू बढी विभेद, हिंसा, दुर्व्यवहारको जोखिममा हुने भएकोले यो दिवसको परिकल्पना गरिएको हो ।

गर्ल्स टेक ओभर बालिका अधिकारका लागि क्रियाशील संस्थाहरू, हामी दाजुभाइ, प्लान इन्टरनेशनल नेपाल, जनजाति समाज विकास कार्यक्रम (JSDP) सिन्धुली, हेड्स नेपाल सिन्धुली, सिड्स नेपाल सिन्धुलीको साझा अभियान हो । गर्ल्स टेक ओवर अभियानले बालिका तथा किशोरीलाई नेतृत्वदायी भूमिका अनुसरण गर्न भित्री प्रेरणा प्रदान गर्ने अपेक्षा गरिएको छ ।